# उग्रतारा मन्दिरको संक्षिप्त ऐतिहासिक पृष्ठभूमि

**- सरला मानन्धर**

श्री उग्रतारा मन्दिर न्त्याकंतला टोल का.म.न.पा. वडा नं. २७ मा अवस्थित रहेको छ।

यस उग्रतारा देवीलाई स्थानीय बासिन्दाहरूले न्त्याकंताला अजिमा पनि भन्दछन् । यस मन्दिरको उत्तर पट्टि रहेको काठको कलात्मक टुँडाल (दायाँ पट्टि) मा पनि यस देवीलाई "न्त्याकंतारादेवी" भनी उल्लेख गरिएको छ। जुन यसप्रकार रहेको छ - सम्वत ८०४ माघ कृष्ण त्रयोदश प्र. चतुर्दस्या तिर्थो श्रवण नक्षत्र वरि यान योग शुक्रबारे थ्रव महा पर्व दिन कुन्हु न्त्याकंतरा यात दोहोरपा कुनु देव भारो प्रमुख यस अभिलेख अनुसार संवत् ८०४ मा यस देवीको देवभारो भन्ने दाताले मन्दिर बनाएको बुझिन्छ । पूर्व पट्टि रहेको काठको कलात्मक टुँडालमा पनि अभिलेख कुँदिएको छ। जुन यसप्रकार रहेको छ - श्री ३ न्हयकंतारा देव दाङा विरपति ४ देवनरि या पुत्र गंगाराम भारो न स्वहस्त दुत्ता सं ८७८ पौख वदि १४ ।

यस अभिलेखमा श्री ३ न्त्याकंतारालाई देवनरी र गंगाराम भारो भन्ने व्यक्तिहरूले आफ्नो हातले सं. ८७८ मा विर पति ४ (टुँडाल) ४ वटा चढाइएको उल्लेख गरिएको बुझिन्छ ।

यस उग्रतारा मन्दिरको अगाडि रहेको घण्टामा लेखिएको अभिलेखमा सम्वत् ९९७ मिति आषाढ कृष्ण ९ रोज ३ का दिनमा न्त्याकंटोलका दतु छेंय (घर) निवासीले श्री न्त्यकंतारा देवीलाई घण्टा चढाएको उल्लेख पाइन्छ ।

मन्दिरको ढोकाको तोरणमा लेखिएको अभिलेख यस प्रकार रहेको छ-

१) श्री महाता ताराय नमः ॥ खाश्व ग्रह चन्द्र युक्त वर्षव मार्ग शुक्लपक्ष नपम्या विष्यस्तु जोगमान भिसंज्ञक ॥ तद्यार्या ज्ञानिलक्ष्मी च चिढि भाजुस्तुत

२) त्सुतः ॥ भायर्या हरिलक्ष्म्या चै सहपित्रौ विंमुक्तये ॥ स्वर्गालिप्त ताम्रमयं प्रासादद्वार तोरणं ॥ समर्पित श्री तारिरायाः सालोक्य प्राप्तये सदा । अथ देशभाषा

३) सम्वत् १९७० साल मार्गशिर शुक्ल ९ रोज १



उग्रतारा मन्दिर, न्हैकन्तला

थ्रव कुन्हु श्री उग्रतार देवीया न्त्याकंताला या दाति भाजु मुल्मि तत् भायृया हरिलक्ष्मी प्रमुखन लुंया तोर

४) ण लीयागु लुखाअर्प्पण याना जुल ॥ शुभम् ॥

यस अभिलेख अनुसार १९७० साल मार्ग शुक्ल ९ रोज १ का दिनमा श्री उग्रतारा देवीलाई न्त्याकंटोलका दाता भाजु मुल्मि तथा उनका पत्नी हरिलक्ष्मीले सुनको तोरण र पित्तलको ढोका अर्पण गरी चढाएको बुझिन्छ । यी विभिन्न अभिलेखहरूबाट यस देवीका मन्दिरमा विभिन्न समयमा चढाइएका वस्तुहरू उल्लेख गरिएको पाइएबाट मन्दिरको महत्त्व मल्लकालदेखि नै रहेको बुझिन आउँछ ।

यस मन्दिरको निर्माणको बारेमा थाहा पाउन हाल त्यहाँ कुनै शिलापत्र तथा तामापत्र भेटिंदैन । स्थानीय व्यक्तिहरूका अनुसार यस मन्दिर सम्बन्धी एउटा शिलापत्र अगाडि रहेको भजन घरभित्र रहेकोमा हाल चोरी भइसकेको छ ।

देवमाला वंशावलीमा उल्लेख गरिए अनुसार सूर्यवंशी राजा श्री गुणकामदेवलाई श्री महालक्ष्मीबाट स्वप्न भए बमोजिम कलिगत ३८२५ मा कान्तिपुर शहर बसाइसकेपछि देश रक्षाको निमित्त तान्त्रिक विधिपूर्वक यी परमेश्वरीको आव्हान गरी स्थापना गरेका हुन् । पछि कुनै एक व्यक्तिको आँखाको रोग लाग्दा कुनै पनि औषधिले निको नहुँदा कोही एक भक्तजनले ती परमेश्वरीलाई ऐना चढाउनु र निको हुन्छ भन्दा अति श्रद्धा गरी ऐना चढाई पूजा गर्दा आँखाको रोग निको भयो । त्यस बेलादेखि "न्त्यांकतला द्यो" भनी नाम प्रख्यात गरी ऐना टाँग्ने चलन भयो । विक्रम संवत् १९९० सालको महा भूकम्पमा यो मन्दिर केही भएको थिएन ।

सुपरिचय सुधार कार्य विवरण (सम्पादक र प्रकाशक सोमनाथ सिग्द्याल) नामक २०१७ सालको पुस्तकको विवरण यस प्रकार रहेको छ –

यो मन्दिर राजधानीको प्रसिद्ध असन टोलबाट केही पश्चिमतिर जाँदा आउने नजिकको न्त्याकंतला टोलमा पर्दछ । यसको निर्माण कलिगत सम्वत् ३८२५ मा देश रक्षाको निमित्त राजा गुणकामदेवले तन्त्रोक्त विधिले सम्पन्न गरी आव्हान पूर्वक मन्दिरको साथै देवीको प्राण प्रतिष्ठा गरी राखेका हुन् । यहाँ आँखाको रोग लागेमा र कुनै प्रकारले निको हुन नसकेमा यो देव मन्दिरमा ऐना (दर्पण) समर्पण गरे चाँडै नै निको हुन्छ भन्ने जनविश्वास छ । त्यसको आधारमा रोगीहरूले चढाएका ऐनाहरूले उक्त मन्दिर सुशोभित भइरहेको छ । यसैलाई स्थानीय जनताहरूको अनुरोधमा नेपाल नरेशका सरकारले दिएको अर्थ सहयोगले उपरितन चित्रमा प्रदर्शित रूपमा आवश्यक स्थानको मर्मत सुधार आदि सम्पन्न गर्ने कार्य भएको छ । यसै प्रसङ्गमा बूढापाकाहरूको मुखबाट सुन्नमा आएको विवरण उपरोक्त कथनभन्दा केही फरक छ । उनीहरूको भनाई अनुसार गुणकामदेवको रानीलाई आँखाको रोग लाग्दा अनेकौं किसिमबाट उपचार गर्दा पनि निको हुन सकेन । पछि एक जना ज्योतिषीको राय सल्लाह बमोजिम उग्रतारा देवीलाई ऐना चढाई पूजा गर्दा आँखाको रोग निको भयो । यसै खुशियालीमा राजा गुणकामदेवले देवीको मन्दिरलाई तीन तलाको छाना हाली बनाउन लगाउनुका साथै मन्दिर अगाडि सत्तल समेत बनाउन लगाए ।

उपरोक्त जनश्रुति अनुसार, सो मन्दिरमा गुणकामदेवले देवीको प्राण प्रतिष्ठा गराएको भन्ने कुरा अमिल्दो देखियो । यस देवलभित्र गएर हेर्‍यौं भने त्यहाँ

एक सानो मन्दिरको आकार अहिले पनि देख्न सकिन्छ ।

कसै कसैको भनाइ अनुसार, साँखुको बज्रयोगिनीलाई उस बेलाका तान्त्रिक साधकहरूले कान्तिपुर देशमा ल्याएका हुन् भन्ने छ। यस्ता अनेकौं कथनहरू बोकी यो देवी स्थानीय जनताको सुख, दुःखको साक्षी र संरक्षकका रूपमा आफ्ना दायाँ बायाँ रहेका देवी देवताहरूको साथमा विराजमान भएका छन् भन्ने जनमानसमा विश्वास रहेको छ ।

यस उग्रतारा मन्दिरको उत्तरतर्फ एक डबली र माथि उल्लेखित दुई तल्ले सत्तल पनि अद्यावधि छ, जुन दयनीय अवस्थामा रहेको छ। सत्तलको भुईतल्लामा देवीको जात्रा गरी बाहिर घुमाउन लाने बेलाको खट र बाँसहरू राखिएका छन् । देवीको ताम्र प्रतिमूर्ति राख्ने घर "द्यो छें" मन्दिरको अघिल्तिरको त्यौड जाने गल्लीमा भएकोमा करीब ६० वर्ष अगाडि यस देवघरलाई एक व्यक्तिले आफ्नो निजी गराई लिएका थिए भन्ने स्थनीय बासिन्दाहरूको भनाइ रहेको छ। तापनि देवीको ताम्र प्रतिमूर्ति सहित गहनाहरू सोही घरमा राख्ने गरिएको थियो। हाल केही वर्ष यता सो घर परिवारमध्येका एक जना लागू पदार्थ सेवन गर्ने कुलतमा लागेको कारण जनाई घरका मुलीले सुरक्षाको लागि सो मूर्तिलाई पुरातत्त्व विभागमा बुझाई दिएको हुँदा हरेक वर्ष सो टोलका कोही न कोही व्यक्तिले जिम्मा लिई मूर्तिहरू ल्याई जात्राको काम चलाउने र जात्रा सकिएपछि फेरि पुरातत्त्व विभागलाई नै सुम्पिदिने क्रम चलेको ५/७ वर्ष भएको बुझिन आएको छ ।

यस उग्रतारा सम्बन्धी पूजा आजा र जात्रा पर्वको बारेमा स्थानीय श्री पुष्पलाल राजभण्डारीज्यू र श्री हरि ओमपति राजोपाध्यायज्यूबाट जानकारी प्राप्त भएको छ। जुन यस प्रकार रहेका छन् - हरेक साल चैत्र कृष्ण चतुर्दशीका दिनदेखि प्रतिपदासम्म काठमाडौंका अन्य टोलहरूमा चलाइने देवी देवताहरूको जात्रा जस्तै यस टोलमा पनि शैव तथा बौद्ध धर्मावलम्बी मानिसहरूले निकै उत्साह र उमङ्गले बाजा बजाई श्रद्धा र भक्तिका साथ पूजा गरी जात्रा समेत चलाउने गरी आएका छन् ।

घोडा जात्राका दिन मन्दिर अघिल्तिरको डबलीमा सुकुल ओछ्याई स्थानीय ज्यापूहरूको गुठीबाट पकाइएको भात पकवानका रूपमा "मल जा" कन्या भोज बाँडिन्छ। कुनै पनि रोगबाट बचाउनका लागि आ-आफ्नो बच्चा नानीहरूलाई च्यापेर घरैपिच्छेका आमा दिदी फुपूहरू लाम कसेर बसी बच्चाहरूलाई ख्वाउँदछन्। आद्या शक्ति "अजिमा" को अगिल्तिर बसेर उनको आराधना गरी बाँडिएको प्रसाद खान बस्दा जातिभेद, लिङ्गभेद, छुवाछुत वा उचनीच वर्ग इत्यादिको कुनै हिसाब हुँदैन । देवीको अघिल्तिर जो कोही पनि एकनास बराबर मानिन्छ ।

बेलुकी पख साँझ परेपछि देवी देवताहरूको ताम्रमूर्तिलाई खटमा राखी जात्रा गरिन्छ । टोल छिमेकका नवयुवक वृद्ध सबैले खटलाई काँधमा बोकी घर दैलो पिच्छे पूजा थाप्न लगिन्छ। जुन घर परिवारबाट पूजा दिइने हो उसका दैलोमा लिपेर एक सानो सुकुल ओछ्याई राखिन्छ । पूजाको लागि निम्त्याइएको यो संकेत अनुसार मानिसको काँधै काँधमा बोकेर ल्याइएको खटलाई केही छिनको निमित्त भुईंमा अडचाइन्छ । पूजाको क्रममा बोका, हाँस, कुखुरा पनि चढाइन्छ । त्यसैबेला न्त्याकंतला "अजिमा" को नामबाट चलाइराखेको मुर्दा गुठीबाट दरबार प्राङ्गणमा चिराक बालेर गुठीयारहरू खट जात्राको शोभा बढाउँदै पछि

लाग्छन् र स्थानीय कुसलेहरू पञ्चेबाजा बजाएर साथ दिन्छन् । त्यस बेलुकी नजिकका ठाउँहरूमा मात्र खट जात्रा घुमाइन्छ । प्रायः सोही टोलका छोरीबेटीहरूको घर दैलामा लगिन्छ। अन्य परिवारमा विवाह भई सक्दा पनि आफू केटाकेटी छँदाका माइतघरमा आराध्य देवी अजिमालाई खटयात्रा गर्दै आफ्ना घर दैलासम्म ल्याएको खुशियालीमा बडो उमङ्गका साथ पूजा गर्दछन् र खट बोकी ल्याएका मानिसहरूलाई पनि सम्हे बजि र जाँड रक्सी राखी तुच्चा गराउँदछन् ।

त्यसको भोलिपल्ट प्रतिपदाको बिहान १० बजेदेखि नै शहरभरि खटजात्रा गर्दै बाजा सहित घुमाउन लगिन्छ । त्यस दिन पनि ठाउँ ठाउँमा पूजा थाप्दै जात्रा चलाइन्छ । यसै क्रममा उसबेलाको राजदरबार "लायकू" वा हनुमान् ढोकामा पुग्दा एक हाँस सहितको सरकारी पूजा चढाइन्छ। बेलुका सो जात्रा बिसर्जन गरिन्छ ।

यिनै देवीको पूजा गर्ने गरी पौष कृष्ण पक्ष चतुर्दशीका दिन राजभण्डारीहरू थकाली रहेको एक मुर्दा गुठी अद्यावधि चलिरहेको छ। झण्डै ६० जवान गुठीयारहरू रहेको त्यस गुठीका दिन राँगोको बलि दिएर सम्हे भोज मनाइन्छ ।

डबलीका बायाँतर्फको सत्तलमा टोलका श्रद्धालुहरू बेलुकी भजन गर्दछन् । न्त्याकंतला भजन मण्डल नामक एक संगठन बनाई उक्त भजन चलाई राख्नु समर्थ भएकोमा त्यस भजन मण्डलका सदस्यहरू धन्यवादका पात्र छन् ।